# अध्याय एक

# शोधको परिचय

## अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सञ्चार प्रणालीको माध्यम हो । भाषा सीमित नियम र शाब्दिक समुच्चयको प्रयोगद्वारा गरिने सञ्चार हो (भुसाल, २०७४, पृ. १) । आफ्ना विचार, भावनाहरू एकअर्कामा आदानप्रदान गर्नका लागि भाषाको आवश्यकता पर्दछ । आफ्ना विचारहरू आदानप्रदान गर्नका लागि समाजमा बस्ने हरेक मानिसहरूले भाषाको प्रयोग गर्दछन्, त्यसैले यसको उत्पत्ति, विकास र परिवर्तनमा समाजले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषाका कथ्य र लेख्य गरी दुई रूप हुन्छन्, कथ्य रूप बोलाइमा मात्र सीमित हुन्छ । कथ्य भाषालाई दीर्घकाल सम्म बँचाइराख्नका लागि लेख्य रूपको प्रयोग गरिन्छ । भाषाको लेख्य रूपलाई पूर्णता प्रदान गर्नका लागि आवश्यकताअनुसार विभिन्न विरामचिह्नहरूको प्रयोग गरिन्छ, तिनै चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । भाषिक प्रयोगलाई गति र यतिसहित स्तरीय, शिष्ट एवम् नियम सम्मत् तुल्याउन लेख्यचिह्नको प्रयोग अपरिहार्य देखिन्छ । लेख्यचिह्नको उपयुक्त प्रयोगबिना कुनै पनि व्यक्ति भाषाको कुशल प्रयोक्ता बन्न सक्दैन । विचार विनिमय गर्ने क्रममा खास खास ठाउँमा खास खास चिह्नको प्रयोग गर्न नसक्दा भाषाको प्रयोगमा अस्पष्टता देखिन्छ र तिनै अस्पष्टताहरू नआऊन् भन्नका लागि लेख्यचिह्नको प्रयोग गरिन्छ । लेख्यचिह्नले शब्द तथा वाक्यले व्यक्त गर्ने अर्थलाई सम्प्रेष्य बनाउन सहयोग गर्दछ ।

लेख्य भाषालाई शुद्ध, मानक, सरल तथा व्यवस्थित तुल्याउन लेख्यचिह्नहरूको आवश्यकता पर्दछ । भाषालाई व्याकरण सम्मत् बनाउन र नियममा बाँध्नका लागि पनि लेख्यचिह्नहरूको आवश्यकता पर्दछ । लेख्यचिह्न लिखित रूपमा सम्पन्न हुने भाषिक सम्प्रेषणको मर्म हो । शब्द र अर्थको पारस्परिक सम्बन्ध जनाउन, अडानका लागि तथा भाव र अर्थ राम्ररी खुलाउन प्रयोग गरिने चिह्नहरू लेख्यचिह्न हुन् । लेख्यचिह्नहरू भाव एवम् अर्थको स्पष्टता तथा भाषिक सम्प्रेषणमा सहजताका लागि उपयोगी मानिन्छन् । भाषाको लिखित माध्यम मौखिक भाषाकै प्रतिरूप हो, यसलाई कागत र कलमका सहायताले विभिन्न लेख्यचिह्नहरूको उपयोग गरी प्रस्तुत  गरिन्छ (शर्मा र पौडेल, २०६७, पृ. १) ।

लिखित अभिव्यक्तिमा आवश्यक ठाउँमा लेख्यचिह्नको प्रयोगले कलात्मकता ल्याउनुका साथै स्तरीयता, उपयुक्तता र अनुरूपता समेत झल्किन्छ ।

लेख्यचिह्नअन्तर्गत वार्णिक चिह्न र वर्णेत्तर चिह्न गरी दुई प्रकारका चिह्नहरू रहेका छन् । वार्णिक चिह्नअन्तर्गत खण्डीय र खण्डेत्तर चिह्नहरू पर्दछन् भने वर्णेत्तर चिह्नअन्तर्गत पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, ऐजन, उद्धरण जस्ता चिह्नहरू पर्दछन् । यी चिह्नहरूलाई विरामचिह्न र विरामेत्तर चिह्न गरी दुई भागमा राखेर वर्गीकरण गरिएको छ । विरामचिह्न भनेको कुनै पनि भाषाको लेखनमा प्रयुक्त हुने चिह्न हो । वाक्यभित्र वा वाक्य समाप्त भएपछि अडिनका लागि अनिवार्यतः प्रयुक्त हुने विराम सूचक चिह्नलाई विरामचिह्न भनिन्छ भने स्पष्टताका निम्ति ऐच्छिक ढङ्गमा प्रयुक्त हुने चिह्नलाई विरामेत्तर चिह्न भनिन्छ (शर्मा, २०७१, पृ. ५१८) । नेपालीमा प्रयोग हुने विरामचिह्नहरूमा पूर्णविराम, प्रश्नवाचक, विस्मयविराम, अल्पविराम, अर्धविराम जस्ता चिह्नहरू पर्दछन् भने विरामेत्तर चिह्नहरूमा उद्धरण, कोष्ठक, अपूर्णताबोधक, ऐजन, संक्षेप चिह्न जस्ता चिह्नहरू पर्दछन् । उपयुक्त चिह्नहरूमध्ये विरामचिह्नहरू अर्थभेदक हुन्छन् भने विरामेत्तर चिह्नहरू अर्थभेदक हुँदैनन् । यिनीहरूको प्रयोग लेखाइमा मात्र हुन्छ, बोलाइमा हुँदैन ।

विद्यार्थीहरूले लेखाइका क्रममा कुन ठाउँमा कस्तो लेख्यचिह्नको प्रयोग गर्छन् ? लेख्यचिह्न प्रयोगबारे विद्यार्थीहरूमा कस्तो ज्ञान रहेको छ ? भन्ने कुरा थाहा पाउन प्रस्तुत शोधपत्रमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन गरिएको छ ।

**समस्याकथन**

भाषा विचार विनिमयको प्रभावशाली माध्यम हो । मानिसले आफ्ना विचारहरू भाषाकै माध्यमबाट व्यक्त गर्दछन् । भाषिक सिप विकासका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्त्वपूर्ण माध्यम मानिएको छ । जसमध्ये लिखित रूपमा प्रस्तुत विचारहरू चिरस्थायी हुने हुनाले लेखाइलाई बढी प्राथमिकता दिइएको छ । बोलेका, सुनेका कुराहरूलाई व्यवस्थित ढङ्गले अनन्त कालसम्म सुरक्षित राख्नका लागि लेख्य भाषाको आवश्यकता पर्दछ । भाषाका कथ्य र लेख्य रूपहरू हुन्छन् । कथ्य भाषा बोलिका माध्यमबाट व्यक्त गरिन्छ, जहाँ वक्ताले के बोलिरहेको छ, उसले भन्न खोजेको आशय के हो भन्ने कुरा स्रोताले उसको हाउभाउ सहितको बोलीबाट थाहा पाउँछन् भने लिखित रूपमा व्यक्त गरिएको भाषामा बोली (ध्वनि) को सट्टा लेख्यचिह्नहरूको प्रयोग गरिएको हुन्छ ।

लेखाइमा वर्णहरूको अव्यवस्थित रखाइले अर्थको अनर्थ भएजस्तै उचित स्थानमा उपयुक्त लेख्यचिह्नहरूको प्रयोग नभएमा व्यक्त गर्न खोजेको भावको अर्कै अर्थ लाग्न सक्छ । त्यसकारण लेख्यचिह्नको प्रयोग अपरिहार्य ठानिन्छ ।

विद्यालय तहमा कक्षा एक देखि नै नेपाली भाषा पठनपाठन हुँदै आएको छ । विद्यालयमा विभिन्न तह/कक्षामा पाठ्यक्रमले लेख्यचिह्न पनि राखेको छ । कक्षा सातको नेपाली भाषा पाठ्यक्रमले पनि लेख्यचिह्नहरूलाई समावेश गरेको छ जसअन्तर्गत पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, उद्गारचिह्न, योजकचिह्न, कोष्ठकचिह्न समावेश छन् । विद्यार्थीहरूमा लेख्यचिह्न प्रयोगबारे ज्ञान कम रहेको, कुन ठाउँमा कस्तो चिह्न प्रयोग गर्ने हो थाहा नभई उनीहरूले जुनसुकै चिह्न प्रयोग गरिरहेका हुन्छन् । त्यसैले प्रस्तुत अध्ययनलाई लेख्यचिह्न प्रयोगमा देखिएका समस्याहरूसँग केन्द्रित गराइएको छ । समग्रतः यस अध्ययनका समस्याहरु निम्नानुसार रहेका छन् :

क. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता कस्तो रहेको छ ?

ख. विद्यालय प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता के कस्तो रहेको छ ?

ग. लैङ्गिकताका आधारमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता कस्तो रहेको छ ?

**उद्देश्य**

उद्देश्यबिना कुनै पनि कार्य गर्न सकिँदैन । उद्देश्यले कुनै पनि कार्यलाई व्यवस्थित रूपले सञ्चालन गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । समस्याकथनमा उठाइएका मूलभूत कुराहरूको समाधान नै उद्देश्य हो । उद्देश्यले सम्पूर्ण शोधको प्रतिनिधित्व गरेको हुन्छ । आधारभूत तहको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता शीर्षकसँग सम्बन्धित रहेर निम्नानुसारका उद्देश्यहरू राखी अध्ययन गरिएको छ :

क. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पत्ता लगाउनु,

ख. विद्यालय प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पत्ता लगाउनु,

ग. लैङ्गिकताका आधारमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पत्ता लगाउनु ।

**अध्ययनको औचित्य**

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्न त्यस विषयका बारेमा लेखाजोखा गरिन्छ । हरेक अध्ययन अनुसन्धानका आ-आफ्नै महत्त्व रहेका हुन्छन् । खास विषय क्षेत्रमा खास समस्यामा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिने हुँदा ती समस्याहरूको समाधान गर्नु उक्त अध्ययनको औचित्य हुने गर्दछ । अनुसन्धान कार्य एक महत्त्वपूर्ण र जटिल कार्य हो, अनुसन्धानका क्रममा देखिएका समस्याहरूको के कस्तो औचित्य रहेको छ भनी पत्ता लगाउने कार्य अनुसन्धानले गर्दछ । औचित्यबिना कुनै पनि कार्यको थालनी नहुने भएकाले यस शोधपत्रको पनि आफ्नै औचित्य रहेको छ ।

भाषिक अभिव्यक्तिका लागि मौखिक अभिव्यक्तिले मात्र वक्ता र श्रोताबिच सम्पर्क असम्भव हुनाले कुनै पनि कुरालाई चिरस्थायी बनाउन लिखित अभिव्यक्तिको आवश्यकता पर्दछ । लिखित अभिव्यक्तिमा लेखकले भन्न खोजेको कुरा सही तरिकाले बुझ्न, त्यसको आशय थाहा पाउनका लागि लेख्यचिह्नको आवश्यकता पर्दछ । लेखाइलाई अर्थपूर्ण बनाउन साथै पद/पदावली, उपवाक्य, वाक्य आदिको अर्थ स्पष्ट बनाउन लेख्यचिह्न आवश्यक मानिन्छ । यस अध्ययनमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थिति कस्तो रहेको छ र उनीहरूमा लेख्यचिह्न प्रयोग सम्बन्धमा के कस्ता समस्या देखिएका छन् भन्ने कुरा पहिचान गरिएको छ र सुधारात्मक सुझाव पेस गरी लेख्यचिह्न प्रयोगमा आवश्यक सुधार गर्ने प्रयास गर्नु यसको औचित्य रहेको छ ।

लेख्यचिह्न प्रयोगको अध्ययनले विद्यार्थीहरूमा लेख्यचिह्न के हो र ती चिह्नहरू के कस्ता सन्दर्भमा प्रयोग गरिन्छन् भन्नेबारेमा बृहत् जानकारी प्रदान गर्न सकिन्छ । त्यसै गरी यस अध्ययनले भाषा विषयका शिक्षकहरूलाई अध्यापन कार्यकलापमा सुधार ल्याउनका साथै शिक्षण कार्यकलापलाई अझ बढी प्रभावकारी बनाउन मद्दत पुग्ने देखिन्छ । लेख्यचिह्न प्रयोगको अध्ययन विश्लेषणका क्रममा देखिएका कमीकमजोरीहरू हटाई लेख्यचिह्न प्रयोगमा सुधार गर्ने प्रयास गर्नु पनि यस अध्ययनको औचित्य रहेको छ । वर्तमान सन्दर्भलाई हेर्दा नेपाली भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश भएका लेख्यचिह्नहरूको प्रयोगद्वारा भाषालाई प्रभावकारी बनाउनका लागि विद्यार्थीहरूको

लेख्यचिह्न प्रयोगको स्थिति थाहा पाउन आवश्यक रहेको छ । यस अध्ययनबाट विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको अवस्था तथा कमीकमजोरीहरू थहा पाई सुधारात्मक बाटोतर्फ लाग्न शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरूलाई सहयोग पुग्ने छ ।

**अध्ययनको परिसीमा**

यस शोध कार्यलाई निम्नानुसार परिसीमाङ्कन गरिएको छ :

क. यस अध्ययनमा झापा जिल्लाअन्तर्गत दमक नगरपालिकाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ ।

ख. विद्यालयको प्रकृतिका आधारमा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयलाई मात्र समावेश गरिएको छ ।

ग. लैङ्गिकताका आधारमा दशवटा विद्यालयका पचास जना छात्र र पचास जना छात्रा गरी सय जना विद्यार्थीलाई मात्र समावेश गरिएको छ ।

घ. यस अध्ययनमा कक्षा सातको नेपाली भाषा पाठ्यक्रमले तोकेबमोजिमका पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, उद्गारचिह्न, योजकचिह्न र कोष्ठकचिह्नलाई मात्र समावेश गरिएको छ ।

**शोधको रूपरेखा**

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र लेख्यचिह्न प्रयोग क्षमता

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

अध्याय छ : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

अध्याय सात : निष्कर्ष र उपयोगिता

सन्दर्भसामाग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षालाई पूर्वाध्ययन समीक्षा, साहित्यको पुनरावलोकन नामले पनि चिनिन्छ । विगतमा सम्बन्धित विषय वा क्षेत्रमा के कस्ता कार्यहरू कसरी सम्पन्न भएका छन्, सो विषय वा क्षेत्रको गहिरो ज्ञान आर्जन गर्न, अनुसन्धान कार्यलाई वैध र विश्वासनीय बनाउन पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ । यस अध्ययनको शीर्षकसँग सम्बन्धित सैद्धान्तिक अवधारणाका लागि प्रकाशित पुस्तकहरू र विविध शीर्षकमा शोधपत्र लेखिएकाले पूर्वकार्यको रूपमा तिनीहरूको अध्ययन तथा पुनरावलोकन गरिएको छ ।

**पुस्तक समीक्षाः** प्रधान (२०६८) द्वारा *नेपाली भाषा शिक्षण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकमा हिज्जे (वर्णविन्यास) र लेख्यचिह्नको चर्चा गरिएको छ । उक्त पुस्तकमा विद्यार्थीहरूलाई लेख्यचिह्नको अभ्यास गराउँदा पाठमा प्रयुक्त लेख्यचिह्नको ख्याल गरी निर्धारित लेख्यचिह्नको प्रयोग गरेर वाक्य संरचना गर्ने अभ्यास गराउनु उपयुक्त हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । यस पुस्तक समीक्षाले शोधकार्यको सैद्धान्तिक कार्यमा सहयोग गरेको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०६९) द्वारा *आधारभूत शिक्षा पाठ्यक्रम कक्षा (६-८)* प्रकाशन गरिएको पाइन्छ । उक्त पाठ्यक्रममा कुन कक्षामा के कस्ता कुराहरू सिकाउने भन्नेबारेमा विस्तृत जानकारी दिइएको छ । जसअन्तर्गत आधारभूत तह कक्षा (६-८) को कक्षागत सिकाइ उपलब्धिमा विद्यार्थीहरूले विभिन्न लेख्यचिह्नहरूको उपयुक्त ढङ्गले प्रयोग गर्न सक्ने छन् भनी उल्लेख गरिएको छ । साथै आधारभूत तहको कक्षा ६ मा पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम र उद्गारचिह्न कक्षा ७ मा पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, उद्गारचिह्न, योजकचिह्न र कोष्ठकचिह्न र कक्षा ८ मा पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम, उद्गारचिह्न, योजकचिह्न, कोष्ठकचिह्न, अर्धविराम, उद्धरणचिह्न र निर्देशचिह्न सिकाउनु पर्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तक समीक्षाले कुन कक्षामा कुन कुन लेख्यचिह्न प्रयोग गर्ने भन्ने जानकारी पाउनका लागि सहयोग गरेको छ ।

भट्टराई र ढुङ्गेल (२०६९) द्वारा *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको अध्याय पच्चिसमा लेख्यचिह्न र तिनको

प्रयोगका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा भाषामा प्रयोग गरिने लेख्य सङ्केतहरूलाई लेख्यचिह्न भनिन्छ भनी लेख्यचिह्नको परिभाषा दिइएको छ भने लेख्यचिह्नअन्तर्गत अल्पविराम ( , ), पूर्णविराम ( । ), प्रश्नचिह्न ( ? ), विस्मयादिबोधक चिह्न ( ! ), अर्धविराम ( ; ), सापेक्षविराम ( : ), निर्देशकचिह्न ( :-/- ), कोष्ठकचिह्न ( ), { }, [ ], योजकचिह्न ( – ), तिर्यक चिह्न ( / ), उद्धरण चिह्न ( " " ' ' ), कागखुट्टे चिह्न ( ‸ ) र ऐजन चिह्न ( '' ) को उदाहरणसहित परिचय र प्रयोगबारे चर्चा गरिएको छ । उक्त पुस्तक समीक्षाले शोधकार्यको सैद्धान्तिक कार्यमा सहयोग गरेको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७१) द्वारा *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०)* प्रकाशन गरिएको पाइन्छ । उक्त पाठ्यक्रममा कक्षा ९ र १० को कक्षागत सिकाइ उपलब्धिमा विद्यार्थीहरूले वर्ण विन्यास र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न सक्ने छन् भनी उल्लेख गरिएको छ । कक्षा ९ को पाठ्यक्रममा भाषा तत्त्व अन्तर्गत लेख्यचिह्न, धातु रूपावली तथा भूतकालका अज्ञात र अभ्यस्त पक्षहरू राखिएको छ भने कक्षा १० को पाठ्यक्रममा भाषा तत्त्व अन्तर्गत वर्ण विन्यास र धातु रूपावली तथा लेख्यचिह्नको प्रयोग राखिएको छ । यस पुस्तक समीक्षाले शोधकार्यको सैद्धान्तिक कार्यमा सहयोग गरेको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* शीर्षकमा पुस्तक प्रकाशन गरिएको पाइन्छ । नेपाली भाषामा शैक्षणिक एवम् सन्दर्भपरक व्याकरण लेखनको आवश्यकतापूर्ति नै यसको उद्देश्य रहेको छ । उक्त पुस्तकको परिशिष्ट दुईअन्तर्गत विरामचिह्न र प्रयोगकाबारेमा सविस्तार वर्णन गरिएको छ । उक्त पुस्तकमा पूर्णविराम, प्रश्नविराम, विस्मयादिबोधक, अल्पविराम, अर्धविराम, सापेक्षविराम, योजक, निर्देशक, उद्धरण, कोष्ठक, अपूर्णता, ऐजन र सङ्क्षेपचिह्नलाई विरामेत्तर चिह्नअन्तर्गत राखेर सविस्तार वर्णन गरिएको छ । उक्त पुस्तक मानक नेपाली भाषामा प्रयोग हुने लेख्यचिह्नहरूको परिचय, प्रकार र उपयोगिताको लागि उपयुक्त हुनुका साथै लेख्यचिह्नको अनुसन्धानका लागि पनि उपयोगी देखिन्छ । यस शोधकार्यको समीक्षाले सैद्धान्तिक कार्यमा सहयोग गरेको छ ।

न्यौपाने र अन्य (२०७४) द्वारा *अनिवार्य नेपाली* पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको एकाइ एकमा लेख्यचिह्न र तिनको प्रयोगबारे चर्चा गरिएको छ । उक्त

पुस्तकमा चिह्नहरूले भाषिक अभिव्यक्तिलाई सहज, सरल, सरस र अर्थपूर्ण बनाउँछन् भनी उल्लेख गरिएको छ । साथै अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्नसूचक, विस्मयसूचक सापेक्षचिह्न तथा योजकचिह्नको प्रयोगले अर्थमा भिन्नता ल्याउने र उद्धरणचिह्न, कोष्ठकचिह्न, सङ्क्षेपचिह्न, ऐजनचिह्न र अपूर्णसूचक चिह्नले अर्थमा भिन्नता ल्याउँदैनन् भनी उल्लेख गरिएको छ । यस पुस्तक समीक्षाले कुन लेख्यचिह्न कस्तो अवस्थामा प्रयोग गर्ने भन्नेबारे जानकारी प्राप्त गर्न सहयोग गरेको छ ।

**शोधपत्र समीक्षा:** भण्डारी (२०७२) द्वारा *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेका छन् । यस शोधपत्रमा मुख्य रूपमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी सम्भावनायुक्त नमुना छनोट विधि पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम लैङ्गिकताका आधारमा हेर्दा छात्राभन्दा छात्रको अनुच्छेद लेखन राम्रो रहेको भनी उल्लेख गरिएको छ । यस शोधको समीक्षाले लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वर्गीकरण गरी अनुच्छेदलेखन क्षमताको अध्ययन गर्न सहयोग गरेको छ ।

कुँवर (२०७३) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको उद्देश्यहरूमा कैलाली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको समग्र लेख्यचिह्न प्रयोग क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको तुलनात्मक अध्ययन गर्नु, लेख्यचिह्न प्रयोगमा सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत  गर्नु रहेका छन् । यस शोधपत्रमा कैलाली जिल्लाका पाँच सामुदयिक र पाँच संस्थागत गरी जम्मा दश वटा विद्यालयबाट १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको लेख्यचिह्न प्रयोग राम्रो रहेको छ भनी उल्लेख गरिएको छ । यस शोध समीक्षाले लेख्यचिह्न प्रयोग क्षमताको तुलनात्मक स्थिति पहिचान गर्न सहयोग पुगेको छ ।

खनाल (२०७३) द्वारा *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको उद्देश्यहरूमा नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पत्ता लगाउनु, नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु, नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा लेख्यचिह्न प्रयोग क्षमताको अवस्था पत्ता लगाउनु र नागार्जुन नगरपालिकाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु जस्ता रहेका छन् । यस शोधपत्रमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधपत्रको समीक्षाले भाषिक पृष्ठभूमिका आधारमा लेख्यचिह्न प्रयोग क्षमताको स्थिति पत्ता लगाउन सहयोग गरेको छ ।

महरा (२०७३) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रको उद्देश्यहरूमा दार्चुला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन गर्नु, विद्यालय प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीको लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु, उक्त कक्षाका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगमा देखिएका समस्याहरूको निराकरणका लागि उपाय सुझाउनु रहेका छन् । यस उद्देश्य पुरा गर्नका लागि विभिन्न किसिमका (वस्तुगत प्रश्न, श्रुतिलेखन, सही चिह्नको प्रयोग र स्वतन्त्र लेखन) छ वटा प्रश्नहरू तयार गरी ५० पूर्णाङ्क परीक्षण कार्य सम्पन्न गरिएको छ । यस शोधको अपेक्षित परिणामलाई हेर्दा विद्यार्थीहरूको समग्र लेख्यचिह्न प्रयोगको स्थिति सकरात्मक रहेको छ भनी उल्लेख गरिएको छ । यस शोध समीक्षाले लेख्यचिह्न प्रयोगको अवधारणामा सहयोग पुर्‍याएको छ ।

तिवारी (२०७४) द्वारा *गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधपत्रका उद्देश्यहरूमा गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको तुलना गर्नु र नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन गर्नु रहेका छन् । उक्त अध्ययनका क्रममा क्षेत्रीय अध्ययन र सर्वेक्षण विधिको प्रयोग गरी तथ्याङ्क

सङ्कलन तथा विश्लेषण गरिएको छ । यस अध्ययनको अपेक्षित परिणामलाई हेर्दा गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमता समग्रमा सामान्य रहेको देखिन्छ । विद्यालय प्रकृतिको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको श्रुतिलेखन क्षमता संस्थागत विद्यालयको तुलनामा बढी रहेको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली मातृभाषीको तुलनामा  दोस्रो भाषी विद्यार्थीहरूको श्रुतिलेखन  क्षमता  कम रहेको देखिन्छ । यस शोधको समीक्षाले श्रुतिलेखन क्षमताको सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुऱ्याएको छ ।

चापागाइँ (२०७४) द्वारा *इलाम जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रका उद्देश्यहरूमा इलाम जिल्लाका कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पहिचान गर्नु, लैङ्गिकताका आधारमा कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पहिचान गर्नु, इलाम जिल्लाका कक्षा छ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको तुलना गर्नु आदि रहेका छन् । यस शोधपत्रमा क्षेत्रीय अध्ययन विधिका आधारमा स्वयम् कार्यस्थलमा उपस्थित भएर जनसङ्ख्याको पहिचान गरी प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त शोधपत्रमा अपेक्षित रूपमा छात्राहरूको भन्दा छात्रहरूको केही प्रतिशतले लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको छ भनी उल्लेख गरिएको छ । त्यसैगरी सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग राम्रो रहेको छ भनी उल्लेख गरिएको छ भने समग्रमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थिति सन्तोषजनक रहेको छ भनेर उल्लेख गरिएको छ । यस शोधको समीक्षाले लेख्यचिह्न प्रयोग क्षमताको तुलनात्मक स्थिति पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

साह (२०७६) द्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्यहरूमा सप्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीको लेख्यचिह्न प्रयोग क्षमता पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पहिल्याउनु, लैङ्गिकताका आधारमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता पहिचान गर्नु रहेका छन् । यस शोधकार्य क्षेत्रीय अनुसन्धान विधिका आधारमा स्वयम् कार्यस्थलमा उपस्थित भएर सामग्री सङ्कलन गरी सम्पन्न गरिएको छ । यस शोधको

अपेक्षित परिमाणलाई हेर्दा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको देखिँदैन भनी उल्लेख गरिएको छ । यस शोध समीक्षाले लेख्यचिह्न प्रयोग क्षमतामा देखिएका समस्याहरू पहिचान गरी समाधान गर्नका लागि सहयोग गरेको छ ।

**पूर्वकार्यको समीक्षाको उपयोगिताः** पूर्वकार्यको समीक्षा गर्दा लेख्यचिह्न सम्बन्धी प्रशस्तै अनुसन्धानहरू भेटिन्छन् तर विभिन्न ठाउँ परिवेश र स्तरअनुसार लेख्यचिह्न प्रयोग क्षमतामा विविधता पाउन सकिन्छ । यस शोधमा विभिन्न पुस्तक तथा शोधपत्रहरूको समीक्षा गरिएको छ । जसमध्ये पाठ्यक्रम विकास केन्द्र (२०६९) द्वारा प्रकाशित आधारभुत शिक्षा पाठ्यक्रमको समीक्षाले कुन कक्षामा कुन कुन लेख्यचिह्न प्रयोग गर्ने भन्ने जानकारी दिएको छ भने शर्मा (२०७१) द्वारा प्रकाशित प्रज्ञा नेपाली सन्दर्भ व्याकरणले विभिन्न लेख्यचिह्नहरूको परिचय र प्रयोग कसरी गर्ने भन्नेबारेमा सहयोग गरेको छ । त्यसैगरी विभिन्न पुस्तक तथा शोध समीक्षाले यस शोधकार्यको सैदान्तिक ढाँचा निर्माण गर्न, स्थलगत अध्ययनमा आउन सक्ने समस्याहरूको समाधान गर्न, प्रश्नपत्र निर्माण गर्न, लेख्यचिह्न प्रयोग क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउन, लेख्यचिह्न प्रयोगमा देखिएका समस्याहरू पहिचान गर्न सहयोग गरेकाले शोधपत्र लेखनमा पूर्वकार्यको समीक्षाको उपयोगिता रहेको छ ।

## सैद्धान्तिक अवधारणा

**लेख्यचिह्नको परिचयः** भाषिक लेखनमा प्रयोगमा आउने चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । लेख्य अभिव्यक्तिको सन्दर्भ र अर्थलाई स्पष्ट पार्न विभिन्न चिह्नहरूको प्रयोग गरिन्छ । लेख्यचिह्न प्रयोग नगरिएको लेख्य अभिव्यक्तिले ठिक अर्थ दिन सक्दैन त्यसैले लेखाइका क्रममा उपयुक्त ठाउँमा उपयुक्त लेख्यचिह्नको प्रयोग गर्नुपर्दछ । नेपाली भाषाको लेखाइमा वर्णहरूबाहेक केही सङ्केतात्मक चिह्नहरूको पनि प्रयोग गरिन्छ । ती चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । लेख्यचिह्नहरूको प्रयोगले अर्थमा पनि फरक पार्दछ ( भट्टराई, २०७३, पृ. २१९) ।

नेपाली भाषाको लेखाइमा वर्णात्मक र वर्णेत्तर गरी दुई प्रकारका चिह्नहरूको प्रयोग गरिन्छ । ती मध्ये वर्णेत्तर चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । भाषालाई लिपिबद्ध गर्ने क्रममा वर्णहरूका अतिरिक्त लेख्यचिह्नहरूको विन्यास पनि वाञ्छनीय देखिन्छ । यस्ता

चिह्न नेपाली भाषामा पनि प्रचलित छन् । यी चिह्नहरूले भाषिक अभिव्यक्तिलाई सहज, सरल, सरस र अर्थपूर्ण बनाउँछन् (न्यौपाने र अन्य, २०७४, पृ. २२) ।

लिखित अभिव्यक्तिलाई स्पष्ट र सार्थक बनाउनका साथै वाक्य खण्डबिचको अर्थ, अभिव्यक्तिको विशेष अवस्था, अभिव्यक्तिको समापन, शब्द र वाक्यको विच्छेदन बुझाउन लेख्यचिह्नको अनिवार्य आवश्यकता पर्दछ । वाक्यमा पद, पदावली, उपवाक्य आदिको सम्बन्ध देखाउन, अर्थ स्पष्ट पार्न र सिलसिला मिलाएर प्रस्तुत  गर्न लेख्यचिह्नको प्रयोग गरिन्छ ।

भाषालाई लेख्य रूपमा व्यक्त गर्दा वर्णहरू बाहेक अन्य चिह्नहरूको पनि आवश्यकता पर्दछ । यस्ता चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ (पराजुली र श्रेष्ठ, २०६४, पृ. २९) । लेखाइलाई स्पष्ट बनाउन लेख्यचिह्नहरूको प्रयोग गरिन्छ । लेख्यचिह्नहरूको प्रयोगबाट व्यक्त गरिएको भावलाई उत्कर्षमा पुऱ्याएर भाषामा प्रवाहमयताको ज्ञान दिन सकिन्छ । लेख्यचिह्नहरू वाक्यादि, वाक्यमध्य र वाक्यान्त जुनसुकै ठाउँमा पनि प्रयोगमा आउन सक्छन् ।

**लेख्यचिह्नका प्रकार:** लेख्यचिह्नका प्रकारहरूलाई विभिन्न विद्वान्हरूले विभिन्न भागमा वर्गीकरण गरेका छन् । लेख्यचिह्न यति नै प्रकारका हुन्छन् भनेर किटान गर्न नसकिए तापनि नेपाली भाषामा प्रचलित प्रमुख लेख्यचिह्नहरू निम्नानुसार छन् (न्यौपाने र अन्य, २०७४, पृ. २२) :

***अल्पविराम ( , ):*** अल्पविराम भनेको आंशिक विश्राम हो । अल्पविरामलाई (,) सङ्केतले जनाइन्छ । यसको प्रयोग वाक्यमा छोटो अडानका लागि गरिन्छ । निम्नलिखित अवस्थामा यसको प्रयोग गरिन्छ :

- वाक्यभित्र एकै कोटिका शब्द वा वाक्यांश सँगै आएमा

  जस्तै : भाइले भात खायो, लुगा लगायो र किताब बोकेर विद्यालय गयो ।

  सीता, गीता र  सरिता बजार गए ।

- प्रधान उपवाक्यका अगाडि

  जस्तै : जहाँ फुलहरू फुल्छन्, त्यहाँ सुवास फैलन्छ ।

- कुनै विचारलाई विशेष जोडका साथ प्रस्तुत गर्दा

  जस्तै : हिँड, चाँडै घर जाऔँ ।

  चुप लाग, तिमी ।

- उदाहरण प्रस्तुत गर्नु पर्दा

  जस्तै : पूर्वाञ्चलमा १६ वटा जिल्लाहरू छन् ती हुन झापा, मोरङ, इलाम, पाँचथर......।

- सङ्ख्यावाचक अङ्कको पछाडि

  जस्तै : १,२,३,४,५ ।

- उद्धरण चिह्न सुरू हुनुभन्दा अगाडि

  जस्तै : सीताले भनी, "म बजार जान्छु ।"

*अर्धविराम ( ; ) :* अल्पविरामभन्दा बढी र पूर्णविरामभन्दा कम विश्राम हुँदा अर्धविराम चिह्न प्रयोग गरिन्छ । एउटै वाक्यमा शब्द, पदावली र उपवाक्य छुट्याउनु पर्दा शब्द र पदावली छुट्याउन अल्पविराम र उपवाक्य छुट्याउन अर्धविराम प्रयोग गरिन्छ । निम्नलिखित अवस्थामा अर्धविरामको प्रयोग गरिन्छ :

- अल्पविरामभन्दा लामो तर पूर्णविरामभन्दा छोटो अडानका लागि

  जस्तै : मानवता नैतिकताको नाम हो; बहादुरीको नाम हो र विश्वासको नाम हो ।

- मुख्य उपवाक्यको समर्थनमा आएका अन्य उपवाक्यहरूसँग

  जस्तै : तिमी पढ; लेख; ठूलो मानिस बन ।

- दुई विरोधी वाक्यहरूको संयोजनमा

  जस्तै : सबै जना मलाइ हेरिरहेका छन; तर म उनीहरूलाई बिर्सन चाहन्छु ।

*पूर्णविराम ( । ):* पूर्णविराम चिह्नको लामो वा पूर्ण अडानका निम्ति प्रयोग गरिन्छ। यस चिह्नको सङ्केत (।) हुन्छ। पूर्णविरामले वाक्य टुङ्ग्याउने काम गर्दछ त्यसैले यसको प्रयोग वाक्यको अन्त्यमा गरिन्छ। निम्नलिखित अवस्थामा पूर्णविरामको प्रयोग गरिन्छ।

- वाक्य पुरा भएको जानकारी दिन

  जस्तै : म बजार जान्छु।

- वर्ष, महिना र गते अङ्कमा राखेर मिति लेख्दा

  जस्तै : मिति २०७२।०१।१२ गते शनिबार नेपालमा भूकम्प गएको थियो।

*प्रश्नचिह्न ( ? ):* कुनै व्यक्तिसँग कुनै कुरा सोध्दा आवेग र शङ्का प्रकट गर्दा प्रश्नचिह्नको प्रयोग गर्ने गरिन्छ। यो चिह्नलाई प्रश्नविराम, प्रश्नबोधक र प्रश्नसूचक पनि भनिन्छ। पूर्णविराम चिह्नको जस्तै यसको पनि वाक्य समाप्त भएको आशय बुझाउन प्रयोग गरिन्छ। निम्नलिखित अवस्थामा प्रश्नचिह्नको प्रयोग गरिन्छ :

- प्रश्न जनाउने वाक्यको अन्त्यमा

  जस्तै : तिम्रो घर कहाँ हो ?

- कुनै विवरणप्रति द्विविधा उत्पन्न भएमा

  जस्तै : तिमीले भनेको ठेगाना त सही छ ?

- प्रश्न जनाए पनि आज्ञार्थक वाक्यमा भने यो चिह्न प्रयोग गरिँदैन।

  जस्तै : नामका प्रकारहरू भन।

*उद्गार चिह्न ( ! ):* उद्गार चिह्नलाई आश्चर्य चिह्न, विस्मयादिबोधक चिह्न, विस्मयविराम चिह्न पनि भनिन्छ। आश्चार्य, खुसी, दु:ख, घृणा आदि मनोभाव बुझाउन यस चिह्नको प्रयोग गरिन्छ। यसको प्रयोग निम्नलिखित अवस्थामा गरिन्छ :

- प्रत्यक्ष व्यक्तिप्रति नभई अन्य व्यक्तिप्रति गरिएको भावपूर्ण सम्बोधन भएमा र प्रश्न भन्दा भाव बढी भएमा सम्बोधन शब्दपछि

  जस्तै : हे भगवान ! मलाई ज्ञान देऊ।

  ऐ केटा ! तँ कान सुन्दैनस्।

- आश्चार्य, हर्ष, घृणा, विस्मय आदि व्यक्त गर्न

  जस्तै : आहा ! कति राम्रो फूल फुलेछ ।

  ओहो ! तिमी पनि आयौ ?

  कठै बिचरा ! त्यो त मरेछ ।

- भावको तीब्रतामा एकभन्दा बढी चिह्नप्रयोग गरिने

  जस्तै : राम ! राम !! राम !!! यो के भनेको तिमीले ?

*सापेक्ष / निर्देश चिह्न ( : / - / – ):* कुनै कुरालाई व्याख्या गर्दा, सापेक्ष सम्बन्ध देखाउँदा, उदाहरण प्रस्तुत गर्दा, अर्थ दिँदा यस चिह्नको प्रयोग गरिन्छ ।

- उदाहरण दिँदा

  जस्तै : नाम : व्याक्ति, वस्तु, ठाउँ आदि बुझाउने शब्द ।

- कुनै कुराको व्याख्या गर्दा

  जस्तै : साहित्यमा धेरै वादहरू छन् : अस्तित्ववाद, विसंगतिवाद, यथार्थवाद, आदर्शवाद आदि ।

- शब्दको अर्थ बताउँदा

  जस्तै : सञ्जीवनी - मरेको व्यक्तिलाई पुनर्जीवित पार्ने अमृत

  पालुवा - बोटविरूवामा पलाएको नयाँ पात

*योजकचिह्न (-):* शब्दहरू जोड्न वा शब्द जोड दर्साउन तथा हारको अन्त्यमा शब्द नअटाई अर्को हारमा लेख्नु परेमा प्रयोग गरिने चिह्न योजकचिह्न हो । यसको प्रयोग निम्नलिखित अवस्थामा गरिन्छ :

- दुई वा एक अर्कासित अन्तरसम्बन्धित शब्दहरूलाई जोड्न दुई शब्दका बिचमा

  जस्तै : घाम-छाया, सुख-दु:ख

- हरफको अन्त्यको अंश सोही हरफमा नअटाएमा

  जस्तै : हामी सबै मिलेर देशको-

  रक्षा गर्नुपर्दछ ।

*कोष्ठक चिह्न ( ):* अर्थ वा आशय स्पष्ट पार्न प्रयोग गरिने चिह्नलाई कोष्ठक चिह्न भनिन्छ ।

जस्तै : मोतिराम भट्ट (१९२३-१९५३) को तीस वर्षको उमेरमा मृत्यु भएको थियो ।

तिमीले भेट्न खोजेको मानिस (राकेश) म नै हुँ ।

*उद्धरण चिह्न ( "..." / '...' ):* कसैको भनाइलाई जस्ताको तस्तै रूपमा प्रस्तुत गर्दा प्रयोगमा आउने चिह्नलाई उद्धरण चिह्न भनिन्छ । उद्धरण एकोहोरो र दोहोरो गरी दुई प्रकारका हुन्छन् । निम्नलिखित अवस्थामा एकोहोरो तथा दोहोरो उद्धरणको प्रयोग गरिन्छ :

- कसैको भनाइलाई जस्ताको तस्तै साभार गर्दा

  जस्तै : देवकोटाले "मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन" भनेका छन् ।

- कसैको ग्रन्थ, कृति, पुस्तक, पत्रिका, पुरस्कार आदि जनाउनका लागि

  जस्तै : 'गोरखापत्र', 'मुनामदन' , 'मसान' आदि ।

- कुनै पदावलीमा विशेष जोड गर्दा

  जस्तै : तिमी आफ्नो 'घाँटी हेरेर हाड निल्ने' गर ।

*तिर्यक चिह्न (/):* कुनै कुराको विकल्प प्रस्तुत गर्दा तिर्यक चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : नेत्र/नयन/ लोचन

शिक्षा/विद्या

नाम/संज्ञा आदि ।

*सङ्क्षिप्त चिह्न ( . ):* लामा लामा शब्दलाई छोटकरीमा प्रस्तुत गर्दा सङ्क्षिप्त चिह्न प्रयोग गरिन्छ ।

जस्तै : जि. शि. का., त्रि.वि. वि., ने. वि. प्रा. आदि ।

*ऐजन चिह्न ( " ):* कुनै कुरा दोहोरिएमा त्यसको ठिक तल ऐजन चिह्नको प्रयोग गरिन्छ । जस्तै :

नेपाल पर्वतारोहण संघ

" मजदुर "

*लोप चिह्न (...):* केही कुरा लोप गर्नु पर्दा लोप चिह्नको प्रयोग गरिन्छ ।

जस्तै : अनुसन्धान भनेको नयाँ तथ्य पत्ता लगाउन....गरिने सोधखोज हो ।

**लेख्यचिह्न प्रयोगको आवश्यकता:** नेपाली भाषालाई स्पष्ट, सहज र सरल बनाउन लेख्यचिह्नको प्रयोग गरिन्छ । शब्द र वाक्यको पारस्परिक सम्बन्ध जनाउन, अडानका लागि तथा भाव र अर्थ राम्ररी खुलाउन लेख्दा वाक्यहरू बुझिने गरी प्रष्टसित लेख्नु पर्दछ (पराजुली, २०५४, पृ. १४९), यसका निम्ति विभिन्न चिह्नहरूको प्रयोग गरिन्छ, ती चिह्नहरूलाई लेख्यचिह्न भनिन्छ । लेखाइमा शुद्धीकरण ल्याउने क्रममा लेखाइलाई मानकीकरण, सरलीकरण तथा व्यवस्थित तुल्याउन लेख्यचिह्नको आवश्यकता पर्दछ ।

भाव अभिव्यक्त गर्न शब्दहरूका साथसाथै भाषिक सङ्केतहरूको पनि आवश्यकता पर्दछ । भावलाई राम्रोसँग व्यक्त गर्न आवश्यकता अनुसार ठाउँठाउँमा लेख्यचिह्नहरूको प्रयोग गर्नु पर्दछ, नत्रभने अर्थको अनर्थ हुन जान्छ (भट्टराई र ढुङ्गेल, २०६९, पृ. २६७) । वाक्यमा पद, पदावली, उपवाक्य आदिको सम्बन्ध देखाउन, अर्थ स्पष्ट पार्न र सिलसिला मिलाएर प्रस्तुत गर्न लेख्यचिह्नको प्रयोग गरिन्छ । लेख्यचिह्नको उपयुक्त प्रयोगले भाषा सुगठित हुन्छ । साथै वाचनमा पनि स्पष्टता आउँछ । वाक्यको पारस्परिक सम्बन्ध बढाउन र अर्थ स्पष्ट पार्न लेख्यचिह्नको आवश्यकता पर्दछ (साह, २०७६, पृ. १४) .

लेख्यचिह्न लिखित रूपमा सम्पन्न हुने भाषिक सम्प्रेषणको मर्म हो । लिखित रूपमा पस्कन खोजेको भाषाले चिह्नको प्रयोग बिना सही अर्थ दिन सक्दैन । वाक्यमा प्रयोग भएका प्रत्येक अवयवहरूको पारस्परिक सम्बन्ध जनाउन, विश्राम लिन र अर्थ खुलाउनका लागि लेख्यचिह्नको आवश्यकता पर्दछ । भाषिक प्रयोगलाई गति र यतिसहित स्तरीय, शिष्ट एवम् नियम सम्मत् तुल्याउन लेख्यचिह्नको प्रयोग अपरिहार्य देखिन्छ । लेख्यचिह्नको उपयुक्त प्रयोग बिना कुनै पनि व्यक्ति भाषाको कुशल प्रयोक्ता बन्न सक्दैन । विचार विनिमय गर्ने क्रममा खास खास ठाउँमा खास खास चिह्नको प्रयोग गर्नका लागि लेख्यचिह्नको आवश्यकता पर्दछ ।

लेख्यचिह्नले शब्द तथा वाक्यले व्यक्त गर्ने अर्थलाई सम्प्रेष्य बनाउन सहयोग गर्दछ । लेख्यचिह्नको प्रयोग शब्दको, वाक्यको वा अभिव्यक्तिकै समापनको अवस्था जनाउन गरिन्छ । यस्ता चिह्नहरू वाक्यभित्र र वाक्य-वाक्यका बिचमा भाषिक विराम वा भाव सङ्केतलाई जनाउन प्रयोग गरिन्छन् । लेख्यचिह्नको सही प्रयोग नगरिएको लेख्य

अभिव्यक्तिको लेख्य आशयलाई बुझ्न सकिँदैन । त्यसकारण लिखित अभिव्यक्तिलाई स्पष्ट र सार्थक बनाउनका साथै वाक्य वाक्यका बिचको अर्थ, अभिव्यक्तिको विशेष अवस्था, अभिव्यक्तिको समापन, शब्द र वाक्यको विच्छेदन आदि बुझाउन लेख्यचिह्नको आवश्यकता पर्दछ ।

**लेख्यचिह्न शिक्षणका प्रयोजनहरू:** भाषाको मानक प्रयोगका लागि चिह्न प्रयोगमा विद्यार्थीहरूलाई समर्थ तुल्याउनु आवश्यक हुन्छ । लेख्यचिह्नको प्रयोगबारे विद्यार्थीहरूलाई सिकाउँदा लेखाइ शिक्षण सँगसँगै सिकाउनु पर्दछ । शिक्षकले लेखाइ शिक्षणका क्रममा विभिन्न चिह्नहरूबारे जानकारी गराउँदै शिक्षण गरेमा विद्यार्थीहरूले लेख्यचिह्न प्रभावकारी रूपमा प्रयोग गर्न सक्छन् त्यसैले यसको शिक्षण गर्दा लेखाइ शिक्षणकै क्रममा गर्नु पर्दछ । लेख्यचिह्न शिक्षणको प्रयोजनलाई निम्नानुसार उल्लेख गरिएको छ :

- लेखाइमा परिष्कार ल्याउनु,
- मानक भाषा प्रयोग क्षमता वृद्धि गर्नु,
- सन्दर्भ र प्रसङ्गअनुसार लेख्यचिह्न प्रयोग क्षमता अभिवृद्धि गर्नु,
- शिष्ट एवम् सभ्य लेखन क्षमता विकास गर्नु,
- भाषिक बोध तथा अभिव्यक्ति क्षमता विकास गराउनु
- भाषिक लेखाइमा चिह्न प्रयोगगत एकरूपता कायम गर्नु आदि ।

**लेख्यचिह्न शिक्षणका कार्यकलाप** : कक्षाकोठामा लेख्यचिह्न शिक्षण गर्दा निम्नानुसारका कार्यकलाप गराउन सकिन्छ :

- शिक्षकले विद्यार्थीहरूलाई पूर्णविराम, प्रश्नचिह्न, उद्धरण, अल्पविराम, ऐजन जस्ता विभिन्न लेख्यचिह्न प्रयोग हुने वाक्यहरू भनिदिने र ती वाक्यमा कस्ता कस्ता चिह्नहरू प्रयोग हुन्छन् भनी कक्षामा छलफल गराउने ।
- लेख्यचिह्नका बारेमा कक्षामा सामान्य छलफल गराई सकेपछि शिक्षकले पाठ्यक्रमले भनेबमोजिमका चिह्नहरू दिने र ती चिह्नहरूको प्रयोग गरी विद्यार्थीलाई अनुच्छेद रचना गर्न लगाउने ।

- विद्यार्थीलाई लिखित तथा मौखिक दुवै किसिमबाट लेख्यचिह्न प्रयोग भएका वाक्य रचना गर्न लगाउने ।
- विद्यार्थीहरूलाई कुनै पाठ पढ्न लगाई त्यहाँ प्रयोग भएका लेख्यचिह्नहरू कापीमा टिपोट गर्न लगाउने ।
- शिक्षकले लेख्यचिह्नको उदाहरणसहित परिचय दिँदै कुन लेख्यचिह्न कस्तो अवस्थामा प्रयोग हुन्छ भन्ने कुरा विद्यार्थीहरूलाई जानकारी गराउने ।
- शिक्षकले केही वाक्यहरू कालोपाटीमा लेखिदिने र ती वाक्यहरूमा लेख्यचिह्न प्रयोग हुने ठाउँ खाली छोडी विद्यार्थीहरूलाई लेख्यचिह्न प्रयोग गर्न लगाउने ।

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्ने क्रममा निश्चित विधि तथा प्रक्रिया निर्क्योल गर्नुपर्ने हुन्छ । तसर्थ यस अध्ययन तथा अनुसन्धान प्रस्तावको लागि विधि तथा प्रक्रियाहरू क्षेत्रीय अध्ययन विधिका आधारमा स्वयम् कार्यस्थलमा उपस्थित भएर जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, सङ्कलित तथ्याङ्कको तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । तसर्थ यस अनुसन्धानमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । प्रस्तुत  अनुसन्धान परिमाणात्मक ढाँचामा केन्द्रित रहेको छ ।

### तथ्याङ्क सङ्कलनको स्रोत

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क प्राथमिक र द्वितीय स्रोतबाट लिइएको छ । जसलाई तल प्रस्तुत  गरिएको छ :

**प्राथमिक स्रोतः** यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा पूर्वनिर्धारित सङ्ख्याका विद्यार्थीहरूलाई प्रश्नावलीबाट प्राप्त तथ्यलाई लिइएको छ ।

**द्वितीय स्रोतः** अध्ययन कार्य पूरा गर्नका लागि द्वितीय स्रोतका रूपमा शोधपत्र, पत्रपत्रिका, पाठ्यक्रम, पाठ्यपुस्तक आदिलाई लिइएको छ । त्यस्तै शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषामा विज्ञहरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह तथा मार्गदर्शनलाई अपनाइएको छ ।

### जनसङ्ख्या क्षेत्र

यस अध्ययनमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । शैक्षिक सत्र २०७६ सालमा उक्त जिल्लाको दमक नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसंख्याको रूपमा लिइएको छ ।

### प्रतिनिधि नमुना छनोट

छनोट गरिएका सम्पूर्ण जनसङ्ख्यामा अध्ययन अनुसन्धान गर्न सम्भव नहुने हुँदा यस अध्ययनमा सम्भावनायुक्त नमुना छनोटअन्तर्गतको स्तरीकृत नमुना छनोटका

आधारमा दमक नगरपालिकाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०/१० जनाका दरले ५० छात्र र ५० छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ ।

**सामग्री निर्माण**

प्रस्तुत  अध्ययनको उद्देश्य अनुरूप कक्षा सातको नेपाली भाषा पाठ्यक्रमले निर्देशन गरेका पूर्णविराम, अल्पविराम, प्रश्नचिह्न, उद्गार, कोष्ठक र योजकचिह्नको अध्ययन गर्ने उद्देश्यमा केन्द्रित भएर कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकका आधारमा अनुच्छेद लेखन बहुवैकल्पिक, वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने, जोडा मिलाउने र ठिक बेठिक छुट्याउने गरी ४० पूर्णाङ्कको प्रश्नावली तयार पारी विद्यार्थीहरूलाई लेख्यचिह्न प्रयोग गर्न लगाइएको छ । जसअन्तर्गत अनुच्छेद लेखनका लागि ५ अङ्क, बहुवैकल्पिकका लागि १५ अङ्क, वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्नेका लागि ५ अङ्क, जोडा मिलाउने प्रश्नका लागि ५ अङ्क र ठिक बेठिक छुट्याउने प्रश्नका लागि १० अङ्क छुट्याइएको छ ।

**सामग्रीको पूर्व परीक्षण**

प्रस्तुत शोधकार्यको सामग्री पूर्व परीक्षण जिल्ला काठमाडौँ, कीर्तिपुर नगरपालिकामा अवस्थित विद्यालयको कक्षा सातमा गरिएको छ । पूर्व परीक्षणका लागि शोधनिर्देशकको सल्लाह सुझावअनुसार प्रश्नपत्र निर्माण भइसकेपछि कीर्तिपुर नगरपालिकाको श्री बालकुमारी माध्यमिक विद्यालयको कक्षा सातमा अध्ययनरत १० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ । विद्यार्थीहरूलाई अनुच्छेद लेखन, बहुवैकल्पिक प्रश्न, ठिक बेठिक छुट्टयाउने, जोडा मिलाउने र वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने गरी १० पूर्णाङ्कको परीक्षा लिइएको छ ।

**सामग्रीको परिमार्जन**

सामग्रीको पूर्व परीक्षण गरिसकेपछि प्रश्नपत्रको कठिनाइ स्तरको आधारमा प्रश्नहरूको विश्लेषण गरिएको छ । तत्पश्चात शोध निर्देशकको सल्लाह बमोजिम अत्यन्तै कठिन र अत्यन्तै सरल प्रश्न हटाई मध्यम कठिनाइ स्तरका प्रश्नहरू राखेर सामग्रीको परिमार्जन गरिएको छ ।

**तथ्याङ्को व्याख्या तथा विश्लेषण**

विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषणका लागि उत्तरपुस्तिका बाट प्राप्त अङ्कबाट सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको छ र नमुना प्रतिनिधिमा समाविष्ट विद्यार्थीहरू मध्ये उक्त मध्यमानभन्दा माथि र तल कति विद्यार्थी छन् भनेर गणना गरिएको छ । त्यसैगरी कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता र छात्र र छात्राको लेख्यचिह्न प्रयोग क्षमतालाई छुट्टाछुट्टै तालिकाबद्ध गरिएको छ । नतिजा विश्लेषण गर्दा कम्प्युटरबाट *स्टाटिकल प्याकेज फर दि सोसल साइन्स ( एस.पि.एस.एस.)* सफटवेयर को प्रयोग गरिएको छ । नतिजा विश्लेषण गर्दा विद्यार्थीहरूले लेखेको उत्तरमा वर्णविन्यास र वाक्यगठनमा भएको अशुद्धिलाई नहेरी लेख्यचिह्नको सही प्रयोगलाई मात्र हेरिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई तालिका, स्तम्भचित्र, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याउन सकिने साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R =तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T =जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\bar{X} = \frac{\Sigma X}{N}$$

$\bar{X}$ = मध्यमान

X = प्राप्ताङ्क

N =.जम्मा संख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma_x 2}{N}}$$

$\sigma$ = मानक विचलन

$\sum_x 2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

$N$ = जम्मा संख्या

माथि उल्लिखित सामग्री सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गर्न सकिन्छ। यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यसरी यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास पनि गरिएको छ।

## अध्याय चार

## समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता


यस अध्ययनमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको समग्र लेख्यचिह्न प्रयोगको स्थिति अध्ययन गरिएको छ। जसलाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका १

*समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल संख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २३.८८ | ६.१९ | ५७ | ५७ | ४३ | ४३ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १*

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि नमुनाका रूपमा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । ४० पूर्णाङ्कको परीक्षा लिएर त्यसबाट प्राप्त प्राप्ताङ्कको आधारमा समग्र मध्यमान २३.८८ र मानक विचलन ६.१९ रहेको छ । कुल विद्यार्थीको समग्र मध्यमानलाई आधार बनाएर हेर्दा मध्यमानभन्दा माथि रहेका विद्यार्थीहरूलाई सन्तोषजनक/राम्रो र मध्यमानभन्दा तल रहेका विद्यार्थीलाई कमजोर श्रेणीमा वर्गीकरण गर्दा ५७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकोले तिनीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई राम्रो मानिन्छ ।

**समग्रताको आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


यस अध्यायमा प्रस्तुत शीर्षकमा कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा विद्यार्थीहरूको वर्गीकरण गरेर समग्र लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. २

*समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| विद्यार्थी सङ्ख्या | ० - १० | ११ - २० | २१ - ३० | ३१ - ४० |
|---|---|---|---|---|
| १०० | ३ | २३ | ५९ | १५ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. २*

समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिका र स्तम्भचित्रमा १०० जना विद्यार्थीहरूले ल्याएको प्राप्ताङ्कलाई विश्लेषण गरिएको छ । जसअनुसार ० - १० अङ्क ल्याउने ३ जना, ११ - २० अङ्क ल्याउने २३ जना, २१ - ३० अङ्क ल्याउने ५९ जना र ३१ - ४० अङ्क ल्याउने १५ जना विद्यार्थीहरू रहेका छन् । सबैभन्दा बढी विद्यार्थीहरू २१ - ३० ल्याउने ५९ जना रहेका छन् । यस आधारमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थिति राम्रो रहेको छ ।

**प्रश्नको प्रकृतिका आधारमा समग्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


प्रश्नको प्रकृतिका आधारमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई यस अध्यायमा प्रस्तुत गरिएको छ । लेख्यचिह्न प्रयोग क्षमता हेर्नका लागि लिएको परीक्षामा प्रश्नहरूलाई विभिन्न आधारमा जस्तै : बहुवैकल्पिक, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने र अनुच्छेद रचना गर्ने वर्गीकरण गरेर विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई हेरिएको छ । जसलाई निम्नानुसार तालिका र स्तम्भचित्रमा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

*बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७.७४ | २.८६ | ५५ | ५५ | ४५ | ४५ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ३*

मध्यमानका आधारमा बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता


माथिको तालिका र स्तम्भचित्र अनुसार कुल १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ। बहुवैकल्पिक प्रश्नमा विद्यार्थीहरूको मध्यमान ७.७४ र मानक विचलन २.८६ रहेको छ। बहुवैकल्पिक प्रश्नको मध्यमान ७.७४ लाई आधार मानेर हेर्दा ५५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४५ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन्। उक्त तथ्याङ्कका आधारमा समग्र विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोगको स्थिति सन्तोषजनक रहेको पाइन्छ।

तालिका नं. ४

*मध्यमान र मानक विचलका आधारमा जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३.५२ | १.४५२ | ५३ | ५३ | ४७ | ४७ |

स्रोत: स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ४*

मध्यमानका आधारमा जोडा मिलाउने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रमा १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ। जोडा मिलाउने प्रश्नको समग्र मध्यमान ३.५२ र मानक विचलन १.४५२ रहेको छ। मध्यमानलाई आधारबिन्दु बनाएर विश्लेषण गर्दा ५३ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन्। तालिका र स्तम्भचित्र अनुसार बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेका छन्।


तर पनि १०० जनामा  ४७ जना विद्यार्थी मध्यमानभन्दा तल रहेकाले विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतामा सुधार ल्याउनुपर्ने देखिन्छ ।

तालिका नं. ५

*मध्यमान र मानक विचलनका आधारमा ठिक बेठिक छुट्याउने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६.५४ | १.७०३ | ५१ | ५१ | ४९ | ४९ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ५*

मध्यमानका आधारमा ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिकाअनुसार प्रतिनिधि नमुना स्वरूप १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । ठिक बेठिक छुट्याउने प्रश्नको समग्र मध्यमान ६.५४ र मानक


विचलन १.७०३ रहेको छ । मध्यमानलाई आधारबिन्दु मानेर विद्यार्थीहरूको नतिजा विश्लेषण गर्दा मध्यमानभन्दा माथि ५१ जना र मध्यमानभन्दा तल ४९ जना रहेका छन् । यो नतिजालाई हेर्दा मध्यमानभन्दा माथि धेरै विद्यार्थी रहे तापनि मध्यमानभन्दा माथि र तल पर्ने विद्यार्थीको सङ्ख्यामा २ जनाले मात्र फरक भएकाले ठिक बेठिक छुट्याउने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थितिलाई मध्यम स्तरको मान्न सकिन्छ । मानक विचलनका आधारमा पनि ठिक बेठिक छुट्याउने प्रश्नमा विद्यार्थीहरूको एकरूपता देखिँदैन ।

तालिका नं. ६

*वाक्यमा उपयुक्त चिह्नको प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २.८८ | १.१५७ | ६२ | ६२ | ३८ | ३८ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ६*


मध्यमानको आधारमा उपयुक्त चिह्नको प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रमा १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । वाक्यहरूमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा समग्र मध्यमान २.८८ र मानक विचलन १.१५७ रहेको छ । मध्यमान २.८८ लाई मध्यबिन्दु मान्दा ६२ जना विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३८ जना विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यस तथ्याङ्कका आधारमा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकोले विद्यार्थीहरूमा वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने क्षमता उत्साहजनक रहेको स्पष्ट हुन्छ ।

तालिका नं. ७

*अनुच्छेद लेखनमा विद्यार्थीहरूको उपयुक्त लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३.३७ | १.४५४ | ५४ | ५४ | ४६ | ४६ |




*स्तम्भचित्र नं. ७*

मध्यमानका आधारमा अनुच्छेद लेखनमा विद्यार्थीहरूको उपयुक्त लेख्यचिह्न प्रयोग क्षमता

प्रस्तुत  तालिकामा अनुच्छेद लेखनमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थिति पत्ता लगाउन प्रतिनिधि नमुना स्वरूप १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ। जसमा अनुच्छेद लेखनको समग्र मध्यमान ३.३७ र मानक विचलन १.१५४ रहेको छ। मध्यमानलाई आधार मानेर नतिजा विश्लेषण गर्दा ५४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ४६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन्। यस तथ्यले बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले स्थिति सन्तोषजनक रहेको देखाउँछ। मानक विचलनका आधारमा तथ्यलाई हेर्दा विद्यार्थीहरूको अनुच्छेद लेखनमा उपयुक्त लेख्यचिह्नको प्रयोगमा विविधता रहेको देखिन्छ।

## अध्याय पाँच

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता


यस अध्यायमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगको स्थितिलाई सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. ८

*विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| विद्यालय प्रकृति | प्राप्ताङ्क | | | |
|---|---|---|---|---|
| | ० - १० | ११ - २० | २१ - ३० | ३१ - ४० |
| सामुदायिक | २ | २० | २७ | १ |
| संस्थागत | १ | ३ | ३२ | १४ |

स्रोतः स्थलगत अध्ययन, २०७६




स्तम्भचित्र नं. ८

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रलाई विश्लेषण गर्दा सामुदायिक र संस्थागत विद्यालयका कुल १०० जना विद्यार्थीहरू मध्ये सामुदायिक विद्यालयबाट ५० जना र संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा रहेका छन् । तालिकाअनुसार सामुदायिक विद्यालयका ० - १० अङ्क ल्याउने २ जना, ११ - २० अङ्क ल्याउने २० जना, २१ - ३० अङ्क ल्याउने २७ जना र ३१ - ४० अङ्क ल्याउने १ जना विद्यार्थीहरू रहेका छन् । त्यसैगरि संस्थागततर्फ ० - १० अङ्क ल्याउने १ जना, ११ - २० अङ्क ल्याउने २ जना, २१ - ३० अङ्क ल्याउने ३२ जना र ३१ - ४० अङ्क ल्याउने १४ जना विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या २१ - ३० अङ्क ल्याउनेमा २७ जना र संस्थागत विद्यालयका विद्यार्थीहरूमा सबैभन्दा बढी विद्यार्थी सङ्ख्या २१ - ३० मा ३२ जना रहेका छन् । यस तालिका र स्तम्भचित्रलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


झापा जिल्लाका कक्षा सातमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. ९

*सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २१.०६ | २५ | ५० | २५ | ५० |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ९*

मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रलाई विश्लेषण गर्दा कुल ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको मध्यमान २१.०६ रहेको छ। जसमा मध्यमानभन्दा बढी २५ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल पनि २५ जना विद्यार्थीहरू रहेका छन्। यसबाट झापा जिल्लामा सामुदायिक विद्यालयका विद्यार्थीहरू लेख्यचिह्न प्रयोगमा मध्यम स्तरको रहेको पुष्टि हुन्छ।

**मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


झापा जिल्लाका कक्षा सातमा अध्ययनरत संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. १०

*संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २६.७ | २८ | ५६ | २२ | ४४ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १०*

मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिकाअनुसार झापा जिल्लाका संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । संस्थागत विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमान २६.७ रहेको छ । मध्यमानअनुसार झापा जिल्लाका संस्थागत विद्यालयका कक्षा सातमा पढ्ने २८ जना अर्थात् ५६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २२ जना अर्थात् ४४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । सामुदायिक विद्यालयको नतिजाको तुलनामा संस्थागत विद्यालयको नतिजा राम्रो रहे तापनि मध्यमानभन्दा तल २२ जना विद्यार्थी परेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई पनि मध्यम स्तरको मान्न सकिन्छ ।

**प्रश्नको प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको प्रश्नको प्रकृतिको आधारमा लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन गरिएको छ । जसमा बहुवैकल्पिक प्रश्न, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने र अनुच्छेद रचनाका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार देखाइएको छ :

तालिका नं. ११

*मध्यमान र मानक विचलनका आधारमा बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक | ५० | ६.५० | २.५४ | २३ | ४६ | २७ | ५४ |
| | संस्थागत | ५० | ८.९८ | २.६३ | ३० | ५० | २० | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. ११*

मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिकामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोगको क्षमतालाई प्रस्तुत गरिएको छ । सामुदायिक विद्यालयका बहुवैकल्पिक प्रश्नको मध्यमान ९.५० र मानक विचलन २.५४ रहेको छ । यसका आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयमा २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू


मध्यमानभन्दा माथि र २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नको मध्यमान ८.९८ र मानक विचलन २.६३ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू  मध्यमानभन्दा तल रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा राम्रो रहेको छ ।

तालिका नं. १२

*मध्यमान र मानक विचलनका आधारमा जोडा मिलाउने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक | ५० | ३.२४ | १.५४ | २३ | ४६ | २७ | ५४ |
| | संस्थागत | ५० | ३.८ | १.३० | ३० | ६० | २० | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १२*

सामुदायिक र संस्थागत विद्यार्थीहरूको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता


उपर्युक्त तालिका र स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ । तालिकाअनुसार सामुदायिक विद्यालयको जोडा मिलाउने प्रश्नको मध्यमान ३.२४ र मानक विचलन १.५४ रहेको छ । सामुदायिक विद्यालयका २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरि संस्थागत विद्यालयका जोडा मिलाउने प्रश्नको मध्यमान ३.८ र मानक विचलन १.३० रहेको छ । मध्यमानको आधारमा नतिजा विश्लेषण गर्दा ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । नतिजाको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू लेख्यचिह्न प्रयोगमा बढि सक्षम रहेका छन् ।

तालिका नं. १३

*मध्यमान र मानक विचलनका आधारमा ठिक बेठिक छुट्याउने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक | ५० | ६.१८ | १.७१ | २० | ४० | ३० | ६० |
| | संस्थागत | ५० | ६.९ | १.६३ | ३१ | ६२ | १८ | ३८ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १३*

सामुदायिक र संस्थागत विद्यालययका विद्यार्थीहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिका र स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमतालाई उल्लेख गरिएको छ। उक्त तालिकाअनुसार सामुदायिक विद्यालयको ठिक बेठिक छुट्याउने प्रश्नको मध्यमान ६.१८ र मानक विचलन १.७१ रहेको छ। यसका आधारमा विश्लेषण गर्दा सामुदायिक


विद्यालयका २० जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ३० जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी संस्थागत विद्यालयको ठिक बेठिक छुट्याउने प्रश्नको मध्यमान ६.९ र मानक विचलन १.६३ रहेको छ । यसका आधारमा विश्लेषण गर्दा संस्थागत विद्यालयका ३१ जना अर्थात् ६२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । सामुदायिक विद्यालयका ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले ठिक बेठिक छुट्याउने प्रश्नमा यिनीहरूको लेख्यचिह्न प्रयोगको स्थितिलाई कमजोर मान्न सकिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको छ ।

तालिका नं. १४

*मध्यमान र मानक विचलनका आधारमा वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक | ५० | २.४६ | १.२१ | २१ | ४२ | २९ | ५८ |
| | संस्थागत | ५० | ३.३ | ०.९३ | २३ | ४६ | २७ | ५४ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १४*

मध्यमानका आधारमा वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिका र स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा लेख्यचिह्न प्रयोगको स्थितिलाई देखाएको छ । तालिकाअनुसार वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा सामुदायिक विद्यालयको मध्यमान २.४६ र मानक विचलन १.२१ रहेको छ । सामुदायिक विद्यालयमा २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । औषत अङ्क भन्दा पनि बढि विद्यार्थीहरू वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्न कमजोर रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतामा सुधार ल्याउन आवश्यक देखिन्छ । संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान ३.३ र मानक विचलन ०.९३ रहेको छ । २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । ५४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल


रहेकाले वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा संस्थागत विद्यालयका विद्यार्थीहरू पनि कमजोर रहेको स्पष्ट हुन्छ ।

तालिका नं. १५

*मध्यमान र मानक विचलनका आधारका अनुच्छेद रचनामा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | विद्यालय प्रकृति | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक | ५० | २.७२ | १.५२ | २९ | ५८ | २१ | ४२ |
| | संस्थागत | ५० | ३.०२ | १.०३ | ३५ | ७० | १५ | ३० |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १५*

मध्यमानका आधारमा अनुच्छेद रचनामा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रमा सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको अनुच्छेद रचनामा लेख्यचिह्न प्रयोग क्षमताको स्थितिलाई देखाइएको छ । तालिकाअनुसार अनुच्छेद रचनामा सामुदायिक विद्यालयको मध्यमान २.७२ र मानक विचलन २.५२ रहेको छ । सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरू मध्ये २९ जना अर्थात् ५८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २१ जना अर्थात् ४२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद रचनामा लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको अनुच्छेद रचनाको मध्यमान ३.०२ र मानक विचलन १.०३ रहेको छ । संस्थागत विद्यालयका ३५ जना अर्थात् ७० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र १५ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । यो नतिजालाई हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद रचनामा लेख्यचिह्न प्रयोग क्षमता उत्साहजनक रहेको देखिन्छ भने प्रश्नको प्रकृतिको आधारमा नतिजा विश्लेषण गर्दा पनि सामुदायिक र संस्थागत विद्यालयको सबैभन्दा राम्रो नतिजा अनुच्छेद रचनामा उपयुक्त लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको छ ।

# अध्याय छ

## लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

यस अध्यायमा समग्र जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रस्तुत गरिएको छ। छात्र र छात्राको समग्र लेख्यचिह्न प्रयोग क्षमता र प्रश्नको प्रकृतिको आधारमा लेख्यचिह्न प्रयोग क्षमतालाई मध्यमान र मानक विचलनको आधारमा नतिजा विश्लेषण गरिएको छ।

### लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता


यस अध्यायमा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकतालाई आधार बनाएर प्राप्ताङ्कलाई निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका नं. १६

*लैङ्गिकताका आधारमा लेख्यचिह्न प्रयोग क्षमता*

| प्राप्ताङ्क<br>लिङ्ग | ० - १० | ११ - २० | २१ - ३० | ३१ - ४० |
|---|---|---|---|---|
| छात्र | १ | १६ | २८ | ५ |
| छात्रा | २ | ७ | ३२ | ९ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १६*

लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिका र स्तम्भचित्रलाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा छन् । तालिकाअनुसार ० - १० अङ्क ल्याउने १ जना, ११ - २० अङ्क ल्याउने १६ जना, २१ - ३० अङ्क ल्याउने २८ जना र ३१ - ४० अङ्क ल्याउने ५ जना छात्रहरू रहेका छन् । त्यसैगरी छात्रातर्फ ० - १० अङ्क ल्याउने २ जना, ११ - २० अङ्क ल्याउने ७ जना, २१ - ३० अङ्क ल्याउने ३२ जना र ३१ - ४० अङ्क ल्याउने ९ जना, २१ - ३० अङ्क ल्याउने ३२ जना र ३१ - ४० अङ्क ल्याउने ९ जना छात्राहरू रहेका छन् । माथिको तालिका र स्तम्भचित्रलाई हेर्दा सबैभन्दा बढी विद्यार्थी २१ - ३० अङ्क ल्याउनेमा क्रमशः २८ छात्र र ३२ छात्राहरू रहेका छन् । यस आधारमा छात्रहरू भन्दा छात्राहरू लेख्यचिह्न प्रयोगमा बढी सक्षम छन् भन्न सकिन्छ ।

**मध्यमानको आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**

झापा जिल्लामा कक्षा सातमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :


**मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताः** झापा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. १७

*छात्रहरूको लेख्यचिह्न  प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २२.४४ | २७ | ५४ | २३ | ४६ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १७*

मध्यमानका आधारमा छात्रहरूको लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिकालाई विश्लेषण गर्दा कुल ५० जना छात्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको मध्यमान २२.४४ रहेको छ । जसमा २७ जना अर्थात् ५४ प्रतिशत छात्र विद्यार्थीहरू मध्यमानभन्दा माथि र २३ जना अर्थात् ४६ प्रतिशत छात्र विद्यार्थीहरू

मध्यमानभन्दा तल रहेका छन् । यसबाट झापा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको देखिन्छ ।


**मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता:** झापा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्राहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई निम्नानुसार तालिका र स्तम्भचित्रमा देखाइएको छ :

तालिका नं. १८

*छात्राहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २४.३२ | २७ | ५४ | २३ | ४६ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १८*

मध्यमानका आधारमा छात्राहरूको लेख्यचिह्न प्रयोग क्षमता

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा झापा जिल्लाका कक्षा सातमा अध्ययनरत ५० जना छात्राहरूको लेख्यचिह्न प्रयोग क्षमताको मध्यमान २४.३२ रहेको छ । कुल ५० विद्यार्थीहरू मध्ये २७ जना अर्थात् ५४ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र २३ जना अर्थात् ४६ प्रतिशत छात्राहरू मध्यमानभन्दा तल रहेका छन् । यसबाट झापा जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

**प्रश्नको प्रकृतिका आधारमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता**


झापा जिल्लाका कक्षा सातमा अध्ययनरत १०० जना विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन गरिएको छ । कुल १०० जना विद्यार्थीहरूलाई ५० छात्र र ५० छात्रामा विभाजन गरेर तिनीहरूको बहुवैकल्पिक, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने, वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने र अनुच्छेद रचनामा लेख्यचिह्न प्रयोग क्षमता कस्तो रहेको छ भनेर नतिजा विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार देखाइएको छ :

तालिका नं. १९

*मध्यमान र मानक विचलनका आधारमा बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | लैङ्गिकता | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | छात्र | ५० | ७.२ | २.६२६ | २३ | ४६ | २७ | ५४ |
| | छात्रा | ५० | ८.२८ | ३.०१० | २४ | ४८ | २६ | ५२ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. १९*

मध्यमानका आधारमा बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता


उपर्युक्त तालिकामा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् । छात्रहरूको मध्यमान ७.२ र मानक विचलन २.६२६ रहेको छ । मध्यमानका आधारमा नतिजा विश्लेषण गर्दा २३ जना अर्थात् ४६ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि र २७ जना अर्थात् ५४ प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी ५० जना छात्रा विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नको मध्यमान ८.२८ र मानक विचलन ३.०१० रहेको छ । मध्यमानका आधारमा २४ जना अर्थात् ४८ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र २६ जना अर्थात् ५२ प्रतिशत छात्राहरू मध्यमानभन्दा तल रहेका छन् । छात्र र छात्राको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोगको स्थितिलाई हेर्दा छात्रा विद्यार्थीको सङ्ख्या बढी भएता पनि छात्र र छात्रा दुवै बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकाले बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमतामा दुवैको स्थिति कमजोर रहेको छ ।

तालिका नं. २०

*मध्यमान र मानक विचलनका आधारमा जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | लैङ्गिकता | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | छात्र | ५० | ३.४ | १.५२५ | २६ | ५२ | २४ | ४८ |
| | छात्रा | ५० | ३.७२ | १.२७८ | २७ | ५४ | २३ | ४६ |

स्रोत: स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. २०*

मध्यमानका आधारमा जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिकालाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरी ५०/५० जना विद्यार्थीहरूलाई राखिएको छ। छात्रहरूको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमताको मध्यमान ३.४ र मानक विचलन १.५२५ रहेको छ भने छात्रा विद्यार्थीहरूको मध्यमान ३.७२ र मानक विचलन १.२७८ रहेको छ। ५० जना छात्र विद्यार्थीहरू मध्ये २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र २४ जना अर्थात् ४८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन्। छात्रातर्फ २७ जना अर्थात् ५४ प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र २३ जना अर्थात्


४६ प्रतिशत छात्राहरू मध्यमानभन्दा तल रहेका छन् । यस तालिका र स्तम्भचित्रलाई हेर्दा छात्राहरू मध्यमानभन्दा माथि धेरै सङ्ख्यामा छन् भने छात्रहरू थोरै सङ्ख्यामा रहेका भएता पनि छात्र र छात्राको सङ्ख्यामा खासै अन्तर नभएकाले दुवैको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता मध्यम स्तरको रहेको छ ।

तालिका नं. २१

*मध्यमान र मानक विचलनको आधारमा ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | लैङ्गिकता | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | छात्र | ५० | ५.९६ | १.६५३ | २६ | ५२ | २४ | ४८ |
| | छात्रा | ५० | ६.५२ | १.५६० | ३५ | ७० | १५ | ३० |

स्रोत: स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. २१*

मध्यमानका आधारमा ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता


माथिको तालिका र स्तम्भचित्रलाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूलाई छात्र र छात्राको समूहमा विभाजन गरी ५०/५० जना विद्यार्थीहरूलाई राखिएको छ । छात्रहरूको ठिक बेठिक छुट्याउने प्रश्नको मध्यमान ५.९६ र मानक विचलन १.६५३ रहेको छ भने छात्राहरूको मध्यमान ६.५२ र मानक विचलन १.५६० रहेको छ । मध्यमानलाई आधार मानेर नतिजा विश्लेषण गर्दा २६ जना अर्थात् ५२ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि र २४ जना अर्थात् ४८ प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई दृष्टिगत गर्दा छात्रहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता सन्तोषजनक रहेको छ भने मध्यमानभन्दा तल ४८ प्रतिशत रहेकाले सुधार गर्नुपर्ने पनि देखिन्छ । छात्रातर्फ ३५ जना अर्थात ७० प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र १५ जना अर्थात् ३० प्रतिशत छात्राहरू मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई केलाउँदा धरै छात्राहरू मध्यमानभन्दा माथि रहेकाले उनीहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता उत्साहजनक रहेको देखिन्छ ।

तालिका नं. २२

*मध्यमान र मानक विचलनको आधारमा वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | लैङ्गिकता | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | छात्र | ५० | २.८६ | १.१२५ | ३१ | ६२ | १९ | ३८ |
| | छात्रा | ५० | २.९ | १.१९९ | ३१ | ६२ | १९ | ३८ |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. २२*

मध्यमानका आधारमा वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता


माथिको तालिका र स्तम्भचित्रमा ५० जना छात्र र ५० जना छात्रालाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने प्रश्नमा छात्रहरूको मध्यमान २.८६ र मानक विचलन १.१२५ रहेको छ भने छात्राहरूको मध्यमान २.९ र मानक विचलन १.१९९ रहेको छ । मध्यमानलाई आधारबिन्दु बनाएर नतिजा विश्लेषण गर्दा ३१ जना अर्थात् ६२ प्रतिशत छात्र विद्यार्थीहरू मध्यमानभन्दा माथि र १९ जना अर्थात् ३८ प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेका छन् । त्यसैगरी छात्राहरू पनि ३१ जना मध्यमानभन्दा माथि र १९ जना मध्यमानभन्दा तल रहेका छन् । वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने प्रश्नमा बहुसङ्ख्यक छात्र - छात्राहरू मध्यमानभन्दा माथि रहेकाले दुवैको स्थिति राम्रो रहेको छ ।

तालिका नं. २३

*मध्यमान र मानक विचलनको आधारमा अनुच्छेद लेखनमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता*

| कुल सङ्ख्या | लैङ्गिकता | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | छात्र | ५० | ३.३४ | १.५७२ | २९ | ५८ | २१ | ४२ |
| | छात्रा | ५० | ३.४ | १.३४० | २५ | ५० | २५ | ५० |

स्रोतः स्थलगत अध्ययन, २०७६




*स्तम्भचित्र नं. २३*

मध्यमानका आधारमा अनुच्छेद लेखनमा विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता

माथिको तालिका र स्तम्भचित्रमा लैङ्गिकताका आधारमा ५० छात्र र ५० छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा समावेश गरिएको छ। अनुच्छेद लेखनमा छात्रहरूको मध्यमान ३.३४ र मानक विचलन १.५७२ रहेको छ। मध्यमानलाई आधारबिन्दु

मानेर नतिजा विश्लेषण गर्दा २९ जना अर्थात् ५८ प्रतिशत छात्रहरू मध्यमानभन्दा माथि र २१ जना अर्थात् ४२ प्रतिशत छात्रहरू मध्यमानभन्दा तल रहेका छन् । यो तथ्यलाई हेर्दा बहुसङ्ख्यक छात्रहरू मध्यमानभन्दा माथि रहेकाले छात्रहरूको अनुच्छेद लेखनमा लेख्यचिह्न प्रयोगको स्थितिलाई राम्रो मान्न सकिन्छ । त्यसैगरी छात्राहरूको मध्यमान ३.४ र मानक विचलन १.३४० रहेको छ । मध्यमानलाई आधारबिन्दु मान्दा २५ जना अर्थात् ५० प्रतिशत छात्राहरू मध्यमानभन्दा माथि र ५० प्रतिशत नै छात्राहरू मध्यमानभन्दा तल रहेकाले अनुच्छेद लेखनमा छात्राहरूको लेख्यचिह्न प्रयोगको स्थिति मध्यम स्तरको रहेको छ ।

# अध्याय सात

# निष्कर्ष, उपयोगिता र सुझावहरू

## निष्कर्ष

'झापा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता' शीर्षकको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ :

- समग्रताका दृष्टिले लेख्यचिह्न प्रयोग स्थिति मध्यमानका आधारमा विश्लेषण गर्दा मध्यमान २३.८८ आएको छ, मध्यमानका आधारमा ५७ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेकाले लेख्यचिह्न प्रयोगको समग्र स्थिति सन्तोषजनक रहेको पाइन्छ ।
- कक्षा सातका विद्यार्थीहरूलाई ४० पूर्णाङ्कको परीक्षा लिइएको थियो । जसमा २१ - ३० अंक ल्याउनेमा सबैभन्दा बढी विद्यार्थी ५९ जना रहेका छन् । तसर्थ : २१ - ३० अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या बढी रहेकाले लेख्यचिह्न प्रयोग क्षमताको स्थिति राम्रो रहेको देखिन्छ ।
- प्रश्नको प्रकृतिका आधारमा समग्र नतिजा हेर्दा वाक्यमा उपयुक्त चिह्नको प्रयोग गर्ने प्रश्नको मध्यमान २.८८ रहेको छ, जसमा मध्यमानभन्दा माथि ६२ जना विद्यार्थीहरू रहेकाले प्रश्नगत आधारमा विद्यार्थीहरूको नतिजा वाक्यमा उपयुक्त चिह्नको प्रयोग गर्ने प्रश्नमा राम्रो रहेको छ भने ठिक बेठिक छुट्याउने प्रश्नको मध्यमान ६.५४ रहेको छ, जसमा ५१ प्रतिशत विद्यार्थीहरू मात्र मध्यमानभन्दा माथि रहेकाले ठिक बेठिक छुट्याउने प्रश्नमा विद्यार्थीहरू सबैभन्दा कमजोर रहेको देखिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान २१.०६ रहेको छ यसमा मध्यमानभन्दा माथि २५ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान २६.७ रहेको छ  यसमा मध्यमानभन्दा माथि ५६ प्रतिशत विद्यार्थीहरू रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा बढी रहेको छ ।

- लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको मध्यमान तुलनात्मक रूपमा बढी रहेको पाइयो । छात्रहरूको मध्यमान २२.४४ रहेको छ भने छात्राहरूको मध्यमान २२.३२ रहेको छ ।
- प्रश्नको प्रकृतिका आधारमा बहुवैकल्पिक प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ६.५० र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ८.९८ रहेको छ, यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।
- जोडा मिलाउने प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ३.२४ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ३.८ रहेको छ, यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको छ ।
- ठिक बेठिक छुट्याउने प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ६.१८ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ६.९ रहेको छ, यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको ठिक बेठिक छुट्याउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।
- वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा सामुदायिक विद्यालयको मध्यमान २.४६ र संस्थागत विद्यालयको मध्यमान ३.३ रहेको छ, यसर्थ वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्ने प्रश्नमा पनि संस्थागत विद्यालयका विद्यार्थीहरूनै अगाडि रहेका देखिन्छन् ।
- अनुच्छेद रचनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान २.७२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ३.०२ रहेको छ । यसमा संस्थागत विद्यालयका विद्यार्थीहरू अनुच्छेदमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्न बढी सक्षम रहेका देखिन्छन् ।
- प्रश्नको प्रकृतिका आधारमा बहुवैकल्पिक प्रश्नमा छात्र विद्यार्थीहरूको मध्यमान ७.२ र छात्रा विद्यार्थीहरूको मध्यमान ८.२८ रहेको छ, यस नतिजालाई हेर्दा छात्रा विद्यार्थीहरूको बहुवैकल्पिक प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको देखिन्छ । तापनि विद्यार्थी सङ्ख्यालाई हेर्ने हो भने

मध्यमानभन्दा माथि ४६ प्रतिशत छात्र र ४८ प्रतिशत छात्रा मात्र रहेकाले नतिजा कमजोर रहेको देखिन्छ ।

- जोडा  मिलाउने प्रश्नमा छात्र विद्यार्थीहरूको मध्यमान ३.४ र छात्रा विद्यार्थीहरूको ३.७२ रहेको छ । यसर्थ छात्रा विद्यार्थीहरूको जोडा मिलाउने प्रश्नमा लेख्यचिह्न प्रयोग क्षमता राम्रो रहेको छ ।
- ठिक बेठिक छुट्याउने प्रश्नमा छात्र विद्यार्थीहरूको मध्यमान ५.९६ र छात्राहरूको मध्यमान ६.५२ रहेको छ, नतिजाका आधारमा छात्र विद्यार्थीहरू छात्राको तुलनामा कमजोर रहेका देखिन्छन् ।
- वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने प्रश्नमा छात्र विद्यार्थीहरूको मध्यमान २.८६ र छात्रा विद्यार्थीहरूको मध्यमान २.९ रहेको छ । मध्यमानका आधारमा छात्रा विद्यार्थी अगाडि रहेतापनि सङ्ख्यागत हिसाबले हेर्दा दुवैको सङ्ख्या बराबर (३१) रहेकाले छात्र छात्राकै वाक्यमा उपयुक्त लेख्यचिह्न प्रयोग गर्ने क्षमता राम्रो रहेको देखिन्छ ।
- अनुच्छेद रचनामा छात्र विद्यार्थीहरूको मध्यमान ३.३४ र छात्राहरूको मध्यमान ३.४ रहेको छ । सङ्ख्यात्मक हिसाबले हेर्दा छात्रा विद्याथीहरूको अनुच्छेद रचनामा राम्रो पकड रहेको देखिन्छ ।

**उपयोगिता**

प्रस्तुत शोधको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी दुई छुट्टाछुट्टै शीर्षकमा निम्नानुसार देखाउन सकिन्छ :

नीतिगत तह

- यस अध्ययनले आधारभूत तहमा नेपाली भाषा पाठ्यपुस्तक निर्माण गर्ने निर्मातालाई उक्त पाठ्यपुस्तकमा प्रयोग गरिने लेख्यचिह्नहरूको छनोट र स्तरणमा सहयोग गर्नेछ ।
- विद्यार्थीहरूले लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षणलाई प्रभावकारी, दिगो बनाउन, शिक्षकलाई तालिम सम्बन्धी नीति निर्माण गर्न सहयोग पुऱ्याउने छ ।

- विद्यालयका सबै तहमा लेख्यचिह्न सम्बन्धी अभ्यासहरूको अनिवार्यतालाई महसुस गराउने छ ।
- आधारभूत तह अन्तर्गत कक्षा सातका विद्यार्थीहरूले लेख्य चिह्नमा गर्ने त्रुटिहरूलाई पहिचान गरी शिक्षकलाई अगाडि बढ्न सहयोग गर्ने छ ।
- लेख्यचिह्न सम्बन्धी सन्दर्भसामग्री र स्रोत सामग्रीहरूको प्रशस्त व्यवस्था गर्न सहयोग गर्ने छ ।

प्रयोगगत तह

- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमतालाई राम्रो बनाउन सामुदायिक र संस्थागत विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई सजगताका साथ अध्ययन अध्यापन गर्न गराउन मार्गनिर्देशन गर्नेछ ।
- नेपाली भाषा शिक्षण प्रतिको खराब दृष्टिकोण त्यागेर केवल सम्बन्धित विषय शिक्षकलाई मात्र शिक्षण गर्न दिनु पर्दछ ।
- भाषा शिक्षणमा आधुनिक विधि र प्रविधिको प्रयोग गरि विद्यार्थीकेन्द्रित शिक्षण गर्न सहयोग गर्ने छ ।
- लेख्यचिह्नसम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न सहयोगी हुने छ ।
- विद्यार्थीको स्तर, क्षमता र आवश्यकता अनुसार विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगि देखिन्छ ।

**सुझावहरू**

यस शीर्षकमा अध्ययन गरिसकेपछि निम्न प्रकारका सुझावहरू दिन सकिन्छ :

- लेख्यचिह्नविना लेखाइ सिपको विकास गर्न नसकिने यथार्थलाई महसुस गरि पाठ्यपुस्तक निर्माणका क्रममा प्राथमिक कक्षाको प्रारम्भिक चरणबाट नै विद्यार्थीहरूको क्षमता अनुरूपका लेख्यचिह्नहरू समावेश गरिनुपर्छ ।

- कक्षा सातको 'हाम्रो नेपाली किताब' मा लेख्यचिह्नसँग सम्बन्धित उदाहरणहरू थोरैमात्र दिइएको पाइयो । पाठ्यक्रम निर्माणमा उक्त कुरालाई ख्याल गरेर बढीभन्दा बढी उदाहरणहरू समावेश गर्नुपर्ने देखिन्छ ।
- कक्षा सातको 'हाम्रो नेपाली किताब' नामक पाठ्यपुस्तकका निमित्त तयार पारिएको शिक्षक निर्देशिकामा पनि लेख्यचिह्न सम्बन्धी जानकारी प्रशस्त मात्रामा दिनुपर्ने देखिन्छ ।
- छात्र विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमता छात्रा विद्यार्थीको तुलनामा निकै कमजोर देखिएकाले सम्बन्धित पक्षले लेख्यचिह्न प्रयोगमा बढी सचेतता अपनाउनुपर्ने देखिन्छ ।
- लेख्यचिह्न प्रयोगको स्थितिमा संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको स्थिति कमजोर रहेको छ । अतः सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई अतिरिक्त अभ्यासको आवश्यकता देखिन्छ ।
- विद्यालयहरूमा तालिमप्राप्त दक्ष शिक्षक शिक्षिकाको यथोचित व्यवस्था नहुनुको कारणले पनि सबै शिक्षक शिक्षिकाहरूले लेख्यचिह्न प्रयोग व्यवस्था बुझाउन सकेको पाइँदैन । अतः दक्ष र तालिमप्राप्त शिक्षकहरूको छनोट विद्यालयमा गरिनुपर्ने देखिन्छ ।
- विद्यालयमा लिइने हरेक परीक्षाहरूमा लेख्यचिह्न सम्बन्धी सान्दर्भिक प्रश्नहरू सोध्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूमा लेख्यचिह्न सम्बन्धी धारणा विकास गर्न अतिरिक्त अभ्यासहरू, अनुलेखन, श्रुतिलेखन, वस्तुगत प्रश्नावली, स्वतन्त्र लेखन आदिको बारम्बार पुनरावृत्तिका साथ अभ्यास गराइनुपर्ने देखिन्छ ।
- शिक्षणका क्रममा शिक्षकले पाठ्यपुस्तकलाई मात्र शिक्षण सिकाइको सबै साधन मान्ने प्रवृत्तिका कारण सिकाइमा अपेक्षित उपलब्धि हासिल भएको देखिँदैन, त्यसकारण लेख्यचिह्न प्रयोग भएका अन्य सन्दर्भसामग्री समेत कक्षामा प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

- नेपाली भाषाका लेख्यचिह्नहरूको नामाकरण अंग्रेजी भाषाका चिह्नहरूद्वारा विद्यार्थीको धारणा बसेको हुँदा नेपाली भाषा शिक्षकले त्यसप्रति सचेत हुनुपर्ने देखिन्छ ।
- नेपाली भाषा शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूको उमेर, लैङ्गिकता, पारिवारिक वातावरण, मनोवैज्ञानिक पक्षलाई ख्याल गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भसामग्री सूची


कुँवर, भुपेन्द्र (२०७३), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

खनाल, अम्बिका (२०७३), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

चापागाईं, केवल (२०७४), *इलाम जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

तिवारी, भवानी (२०७४), *गोरखा जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको श्रुति लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

न्यौपाने, महेश्वर, दीपक बाबु निरौला र शिव प्रसाद तिमल्सेना (२०७४), *अनिवार्य नेपाली,* काठमाडौँ : करुधारा पब्लिकेसन प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* भक्तपुर : स्वयम् ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०),* भक्तपुर : स्वयम् ।

प्रधान, मीरा (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल एकेडेमी ।

भट्टराई, डी.पी. र डिल्लीराम ढुङ्गेल (२०६९), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विष्णुबहादुर (२०७२), *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

भुसाल, केशव (२०७४), *भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

महरा, केशब बहादुर (२०७३), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

साह, पवनकुमार (२०७६),*कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।